नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(ग्रमिण विकास समन्वय शाखा)
सिंहदरवार, काठमाडौं

फोनः ४२००५११, ४२००३०४

इमेलः lbss_mid@yahoo.com

पत्र संख्याः- २०७४/७५

चलानी नं.:- ९६

मितिः- २०७४/०४/२२

श्री नगर कार्यपालिकाको कार्यालय (पाँचथर, खोटाङ्ग, उदयपुर, नवलपरासि, कपिलवस्तु, रुकुम, रोल्पा, हुम्ला, मुगु र डोल्पा।)

श्री गाउँ कार्यपालिकाको कार्यालय (पाँचथर, खोटाङ्ग, उदयपुर, नवलपरासि, कपिलवस्तु, रुकुम, रोल्पा, हुम्ला, मुगु र डोल्पा।)

विषयः नगरपालिका तथा गाउँपालिका स्तरीय अभिमुखिकरण सम्बन्धमा।

नेपाल सरकार र यूनिसेफको सहयोगमा बहुक्षेत्रीय पोषण योजना २८ जिल्लाका साविकका केही स्थानीय निकायमा कार्यान्वयनमा रहेकोमा चालु आ.व. २०७४/७५ देखि ताहाँ नगरपालिका/ गाउँपालिकामा यो योजना कार्यान्वयन हुनेछ। संघीय संरचनामा बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन प्रक्रियाको बारेमा ताहाँ नगरपालिका/ गाउँपालिकाका निर्वाचित पदाधिकारीहरुको लागि अभिमुखिकरण मार्फत् कार्यक्रमबारे जानकारी दिन उपयुक्त देखिएकोले सो प्रयोजनका लागि जिल्ला समन्वय समिति, जिल्ला जन/स्वास्थ्य कार्यालयका १/१ जना पोषण सम्पर्क व्यक्ति र जिल्लामा बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन सहजिकरण गर्न खटिने कर्मचारीहरुलाई २ दिने प्रशिक्षक प्रशिक्षण समेत हालसालै सम्पन्न भएको छ। अतः उपरोक्त प्रशिक्षक प्रशिक्षण कार्यक्रममा सहभागी भएका सहजकर्ता मार्फत १ दिने अभिमुखिकरण कार्यक्रम सम्बन्धित स्थानीय तह स्तरमा नै आयोजना गरिने भएकोले उक्त अभिमुखिकरण कार्यक्रममा ताहाँ न.पा. प्रमुख/ उपप्रमुख, गा.पा. अध्यक्ष/ उपाध्यक्ष , न.पा. र गा.पा.का सबै वडाध्यक्षहरु तथा कार्यकारी अधिकृत, लेखा-प्रमुख (१ जना), वडा सचिवहरु, विषयगत शाखा (स्वास्थ्य, शिक्षा, कृषि र पशुसेवा) का प्रतिनिधिहरु लाई सहभागी गराइदिने व्यवस्थाका लागि सादर अनुरोध गर्दछु।

जनकराज शर्मा
(शाखा अधिकृत)

**बोधार्थः**

श्री जिल्ला समन्वय समितिको कार्यालय (पाँचथर, खोटाङ्ग, उदयपुर, नवलपरासि, कपिलवस्तु, रुकुम, रोल्पा, हुम्ला, मुगु र डोल्पा।)-आवश्यक समन्वयको लागि।

श्री सूचना तथा विद्युतीय शाखा - Website मा राखिदिनुहुन।

**पुनश्चः** अभिमुखिकरण कार्यक्रमको प्राविधिक तथा आर्थिक सहयोग योजनाबाट नै तोकिए बमोजिम हुने जानकारी गरिन्छ। साथै उक्त अभिमुखिकरण कार्यक्रम तालिका र विषयवस्तु यसै साथ संलग्न गरिएको व्यहोरा अनुरोध छ।